एन आई सी एशिया बैंक लि.

च.नं.:NICASIA/CS/078-79/179
मिति: २०७८/११/२७

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवारप्लाजा, काठमाडौं ।

विषयः जानकारी गराएको बारे ।

महाशय,

उपर्युक्त विषयमा मिति २०७८ फाल्गुण २६ मा बसेको यस बैंकको सञ्चालक समितिको ५३४ औं बैठकको निर्णयानुसार बैंकको चौबीसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सो व्यहोरा तहाँको जानकारीको लागि सादर अनुरोध छ ।

**सभा बस्ने मिति, समय र स्थान**

मिति : २०७८ चैत्र २० गते, आईतबार (तदनुसार ३ अप्रिल २०२२) ।
समय : बिहान ९:०० बजे ।
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं ।

छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची :

(क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०७७/७८ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०७७/७८ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. यस बैंक तथा बैंकको सहायक कम्पनी श्री एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. तथा श्री एन आई सी एशिया क्यापिटल लि. को आ.व. २०७७/७८ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०७८/७९ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने । (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बहालवाला लेखापरीक्षक श्री एस ए आर एसोसिएट्स चार्टर्ड एकाउन्टेन्ट्स् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ ।)
५. संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना सञ्चालक र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना सञ्चालकको लागि निर्वाचन गर्ने ।

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU

0012153S9

**Registered Office**
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

The Banker Bank of the Year 2013 NEPAL
The Banker Bank of the Year 2007 NEPAL
ISO 9001 Certified Bank

NIC ASIA
एन आई सी एशिया बैंक लि.

(ख) विशेष प्रस्ताव

१. बैंकको प्रवन्धपत्र र नियमावलीमा समसामयिक संशोधन/थप गर्ने ।
२. प्रबन्धपत्र र नियमावली संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।
३. मिति २०७८/०७/१० मा सम्पन्न सञ्चालक समितिको ५१२औं बैठकले बैंकको स्वतन्त्र सञ्चालकको पदमा ललितपुर जिल्ला, ललितपुर महानगरपालिका, वडा नं. २, सानेपा बस्नुहुने श्रीमति बिजया स्वारलाई नियुक्त गर्ने निर्णय गरेकोमा सो लाई अनुमोदन गर्ने ।

(ग) विविध ।

द्रष्टव्य: वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७८/१२/०८ गते देखि २०७८/१२/२० गतेसम्म बैंकको शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०७८/१२/०८ गते भन्दा अगाडि कारोबार भई ७ कार्य दिनभित्र यस बैंकको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लि., बबरमहल, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा मतदान गर्न पाउने व्यवस्था मिलाइएको व्यहोरा तहाँको जानकारीको लागि सादर अनुरोध छ ।

धन्यवाद ।

भवदीय,

दिपेन कार्की
कम्पनी सचिव

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU

संलग्न: मिति २०७८/११/२७ गते राष्ट्रिय दैनिक 'नयाँ पत्रिका' मा प्रकाशित २४ औं वार्षिक साधारण सभा हुने बारे सूचनाको प्रतिलिपी.......१